## अन्तर्वार्तासम्बन्धी कार्यतालिका

| क्र.सं. | क्षेत्र | विषय | अन्तर्वार्ता हुने स्थान | मिति र समय |
|---|---|---|---|---|
| १. | पूर्वाञ्चल | स्वास्थ्य शारीरिक(महिला) | क्षे.शि.नि. पूर्वाञ्चल, धनकुटा | २०७२ असोज ८ गते विहान ८ बजे देखि |
| २. | पूर्वाञ्चल | अंग्रेजी, गणित र विज्ञान | क्षे.शि.नि. पूर्वाञ्चल, धनकुटा | २०७२ असोज ९ गते विहान ८ बजे देखि |
| ३. | मध्यमाञ्चल | गणित र विज्ञान | जनप्रभात मा.वि. कालीमाटी, काठमाडौं | |
| ४. | पश्चिमाञ्चल | अंग्रेजी, गणित र विज्ञान | क्षे.शि.नि. पश्चिमाञ्चल, पोखरा | |
| ५. | मध्यपश्चिमाञ्चल | अंग्रेजी र गणित | क्षे.शि.नि. मध्यपश्चिमाञ्चल, सुर्खेत | |
| ६. | सुदूर पश्चिमाञ्चल | अंग्रेजी, गणित र विज्ञान | क्षे.शि.नि. सुदूरपश्चिमाञ्चल, दिपायल | |

**लिखित परीक्षाको नतिजामा पुनर्योग गर्न चाहेमा गोरखापत्रमा नतिजा प्रकाशन भएको मितिले ७ दिन भित्र सम्बन्धित उम्मेदवारले आयोगको कार्यालय सानोठिमी, भक्तपुरमा रु. ५००।- राजस्व दस्तुर बुझाइ प्रवेशपत्रको प्रतिलिपि सहित निवेदन दिन सक्नेछ ।**

### अन्तर्वार्तामा आउँदा उम्मेदवारहरूले ल्याउनुपर्ने कागजातहरू र अन्य जानकारी

१. आफ्नो अन्तर्वार्ता हुने अघिल्लो दिन प्रत्येक उम्मेदवारले सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम भर्नु पर्नेछ ।

२. अन्तर्वार्ता विहान ८.०० बजेदेखि सञ्चालन हुनेछ ।

३. उम्मेदवारले देहायका सक्कल कागजात र सबै कागजातका एक/एकप्रति प्रतिलिपि आफैले प्रमाणित गरी ल्याउनु पर्नेछ ।

क) नागरिकताको प्रमाण पत्र

ख) प्रवेश पत्र

ग) अध्यापन अनुमति पत्र

घ) एसएलसी उत्तीर्ण गरेको लब्धाङ्क पत्र र चारित्रिक प्रमाण पत्र

ङ) एसएलसी भन्दा माथिल्लो शैक्षिक योग्यताका हकमा आफू उम्मेदवारभएको पदसम्मका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाण-पत्र

च) समावेशी समूहबाट अन्तर्वार्ता दिन आउने उम्मेदवारले आफू समावेश भएको समावेशी समूहको प्रमाणित प्रतिलिपि सहित सक्कल कागजात

छ) हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो ।

४. स्वीकृत दरबन्दी (लियन र राहत समेत)मा अस्थायी रुपमा कार्यरत भई हाल अन्तर्वार्तामा सामेल हुन आएका उम्मेदवारले आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तह र श्रेणीमा अविच्छिन्न काम गरेको भनी सम्बन्धित जिल्ला शिक्षा अधिकारीले प्रमाणित गरिदिएको सक्कल कागजात ।

५. उम्मेदवारले ल्याएका सबै सक्कल प्रमाणपत्रका एकएक प्रति प्रतिलिपि, अविच्छिन्न सेवा प्रमाणितको सक्कलै कागजात र आयोगबाट उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी रेकर्ड फाइलमा राखेर सङ्लग्न कागजातहरूको पञ्जीकरणसमेत बनाएर अन्तर्वार्ता मुकाममा पेश गर्नुपर्नेछ ।

६. उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई कुनै हालतमा अन्तर्वार्तामा सामेल गराइने छैन ।

७. अन्तर्वार्ता सञ्चालन हुने दिन सार्वजनिक विदा परे पनि अन्तर्वार्ता सञ्चालन हुनेछ ।

८. कुनै उम्मेदवारले अन्तर्वार्तामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले रद्द गर्न सक्नेछ ।

९. आयोगको पूर्व सूचना विना अन्तर्वार्ताको निर्धारित कार्यक्रम परिर्वतन वा स्थगित हुने छैन ।

१०. नतिजा प्रकाशन सम्बन्धी कुनै त्रुटि भएमा आयोगको अभिलेखबाट सच्याइने छ ।

११. थप जानकारी लिनु परेमा आयोगको website:- [www.tsc.gov.np] मा logon गर्न र आयोगको फोन नं. ०१-६६३७८७३ मा सम्पर्क गर्न सकिनेछ ।